६९

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३७०/२०७०/०७१

निर्णय नं. २३

महोत्तरी जिल्ला, सुन्दरपूर गा.वि.स. वडा नं. ४ बस्ने राज किशोर शाह ..............................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, श्री जनता उच्च मा.वि.सुन्दरपुर, महोत्तरी ..................................................१ प्रत्यर्थी
सूचना अधिकारी, श्री जनता उच्च मा.वि.सुन्दरपुर, महोत्तरी ..................................................१

विषय :- सूचना उपलब्ध नगराउने व्यक्ति उपर कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

महोत्तरी जिल्ला, सुन्दरपूर गा.वि.स. वडा नं. ४ बस्ने राज किशोर शाहले श्री जनता उच्च मा.वि.सुन्दरपुर, महोत्तरी समक्ष तपसिल बमोजिमका सूचना माग गर्दा सूचना उपलब्ध नगराएकोले सूचना उपलब्ध गराइपाउँ भनी यस आयोगमा मिति २०७०।१२।२१ मा निवेदन गरेकोमा सूचना उपलब्ध नगराएको भनी पुन: मिति २०७१।०५।०३ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलमा उल्लेखित सूचनाहरू निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू भनी श्री जनता उच्च मा.वि.सुन्दरपुर, महोत्तरीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । साथै यस पूर्व आयोगबाट जारी भएको आदेश कार्यान्वयन नहुनुको कारण समेत पेश गर्न आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

तपसिल

१. त्यस श्री जनता मा.वि.ले पछिल्लो पटक कहिले विद्यालय व्यवस्थापन समिति गठन गरेको थियो ? विद्यालय व्यवस्थापन समिति गठन गरेको मिति, पदाधिकारी एवं उक्त व्यवस्थापन समिति निर्वाचनबाट चयन गरिएको भए सोको प्रमाण देखिने सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपि ।

२. श्री जनता मा.वि. को साविकको साखु काठ र खपडाको छाना भएको भवन भत्काई सोही स्थानमा अर्को ४ कोठाको पक्की घर निमार्ण गरिएकोमा उक्त साविकको घर भत्काउँदा त्यसबाट प्राप्त खपडा र काठ के गरियो? सोको प्रमाणित जानकारी । यदि विक्रि गरेको भए सोका लागि आह्वान भएको टेण्डर एवं डाँक बढाबढको प्रमाणित प्रतिलिपि ।

३. त्यस जनता मा.वि. परिसरका २५ वटा भिक्सका रुखहरु पनि कटान गरिएकोमा उक्त रुखबाट प्राप्त काठ के गरियो ? सोको प्रमाणित जानकारी । यदि विक्री गरेको भए सोका लागि आह्वान भएको टेण्डर एवं डाँक बढाबढको प्रमाणित प्रतिलिपि ।

४. तपसिलको २ बमोजिम पक्की घर निर्माण गर्दा त्यस विद्यालयबाट आह्वान भएको टेण्डर एवं डाँक बढाबढको प्रमाणित प्रतिलिपि ।

५. त्यस विद्यालयमा विरेन्द्र यादव, अजय यादव लगायत जम्मा जना ६ शिक्षकको एकैपटक भएको नियुक्तिका प्रक्रियामा अवलम्वन गरिएको सूचना प्रकाशन, आवेदन फारम, निज शिक्षकहरुको अन्तर्वार्ता तथा अन्य परीक्षणमा प्राप्त गरेको प्राप्तांक लगायत निजहरुले त्यस विद्यालयमा पेश गरेको शिक्षक अनुमतिपत्र (लाइसेन्स)को प्रमाणित प्रतिलिपिका साथै निजहरुले उक्त लाइसेन्स त्यस विद्यालयमा दाखिला गर्नुभएको मिति सम्बन्धी प्रमाणित विवरण ।

६. त्यस जनता मा.वि. को स्वामित्वमा रहेको पोखरी आ.व. २०६९/०७० मा ठेक्कामा दिएको पट्टा कागजको प्रमाणित प्रतिलिपि ।

७. त्यस जनता मा.वि. को चर्पी निर्माण गर्दा त्यस विद्यालयबाट आह्वान भएको टेण्डर एवं डाँक बढाबढको प्रमाणित प्रतिलिपि ।

८. त्यस जनता मा.वि. ले आ.व. २०६६/०६७ मा विद्यालयमा उच्च मा.वि. सञ्चालन गर्ने भनी सुन्दरपूर गा.वि.स. को कार्यालयबाट रु. १०,००,०००।-(दस लाख रुपैंया मात्र) लिएको भन्ने थाहा हुन आएकाले उच्च मा.वि. सञ्चालनका लागि सम्बन्धित महोत्तरी जिल्ला शिक्षा कार्यालय एवं उच्च माध्यमिक शिक्षा परिषद्बाट लिएको स्वीकृति पत्र एवं सम्बन्धन पत्रको प्रमाणित प्रतिलिपि विवरण ।

९. त्यस जनता मा.वि. ले विगत तीन आ.व. मा त्यस विद्यालयमा अध्ययन गर्ने दलित छात्र छात्राहरुलाई वितरण गरेको छात्रवृत्ति रकमको कूल रकमको प्रमाणित विवरणका साथै उक्त छात्रवृत्ति बुझिलिएका छात्र, छात्राको विवरण ।

१०. तपसिलको २ बमोजिम पक्की घर निर्माण गर्दा प्रयोग भएको इँटा, सिमेन्ट लगायतको सामाग्रीको गुणस्तर प्रमाणित भएको कागजातहरुको प्रमाणित प्रतिलिपि ।

११. त्यस जनता मा.वि. का प्रधानाध्यापक शिवशरण यादवको कार्यकालमा त्यस विद्यालयलाई प्राप्त अनुदान एवं आयस्रोत रकमसम्बन्धी विवरण एवं सोसँग सम्बन्धित कागजातहरुको प्रमाणित प्रतिलिपि ।

१२. त्यस जनता मा.वि. का सबै प्रचलित बैंक खाताको विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।